बीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
मधेश प्रदेश (नेपाल)

# बजेट बक्तब्य

आदरणीय नगर सभा अध्यक्षज्यू,

कार्यपालिका एवं नगर सभा सदस्यज्यूहरु,

१. यस गरिमामय नगर सभामा वीरगंज महानगरपालिकाको उप-प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महसुश गर्दछु ।

२. यस अवसरमा म नेपालको लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते तथा अंगभंग भएर जीवन बाँचिरहनुभएका सबै योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय तह निर्वाचनबाट हामीले यस महानगरको जिम्मेवारी ग्रहण गरेको दुई वर्ष व्यतीत भईसकेको छ । यस दुई वर्षमा महानगरबासी जनताप्रति पूर्ण उत्तरदायी बनेर हामीले कार्य गरेका छौं र सबै नगरबासीको न्यानो माया एवं सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

४. विश्वव्यापी आर्थिक मन्दीबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्र सङ्कुचित भएको अबस्थामा स्थानीय अर्थतन्त्र पनि मन्दीको मारमा परी खुम्चिएको छ । रोजगार मुलक सन्तुलित एवं समावेशी विकासका लागि दिगो एवं उच्च आर्थिक वृद्धि हासिल गर्दै वीरगंज महानगरलाई आर्थिक राजधानीको रुपमा बिकसित गर्ने दिशामा बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु ।

५. साना तथा स्वरोजगार जन्य उद्योगमा युवा जनशक्तिको आकर्षण बढाई नगरभित्रै रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने प्रकृतिका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन गर्दै महिला, सीमान्तकृत एवं विपन्न समुदायको सीप तथा उद्यमशिलता विकासद्वारा उत्पादनमुखी कार्यमा सरिक गराउदै आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिइएको छ ।

६. नेपालको संविधान, २०७२ दिगो विकास लक्ष्य, सङ्घीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु । स्थानीय प्रबुद्ध वर्ग, उद्यमी व्यवसायी, राजनीतिक दल एवं सामाजिक संघसंस्थाबाट प्राप्त सुझाव समेतलाई आधार मानेको छु।



CamScanner

वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालय वीरगंज, पर्सा मधेश प्रदेश (नेपाल) २०७४

**सभाध्यक्ष महोदय,**

अब म वीरगंज महानगरपालिको विद्यमान आर्थिक अवस्था एवं चालु आ.व. २०८०/०८१ को बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्दछु।

७. चालु आर्थिक वर्ष २०८०/०८१ मा कुल रु ३ तिन अर्ब ५१ एकाउन्न करोड ८७ सतासी लाख ६८ अठसठी हजार संशोधित विनियोजन रहेकोमा विनियोजनको ५४ चौवन्न प्रतिशत खर्च हुने संशोधित अनुमान छ । सो मध्ये चालु खर्च १ एक अर्ब ४५ पैतालिस करोड अर्थात ७६ छयत्तर प्रतिशत, पूँजिगत खर्च रु. ४५ पैतिस करोड अर्थात विनियोजनको २३ तेइस प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

८. चालु आर्थिक वर्षमा समानीकरण अनुदान अन्तिम त्रैमासिकको २५ पचिस प्रतिशत रोक्का रहेको, संघीय सरकारको राजश्व असुलीमा आएको सङ्कुचनको कारण राजश्व बाँडफाँड घट्न गएको, घर जग्गा कारोबारमा आयको मन्दीको कारणबाट घरजग्गा रजिष्ट्रेशन आयस्रोत समेत घट्न गएको तथा प्रदेश सरकारवाट शशर्त अनुदान र विशेष अनुदानको रुपमा थप अनुदान रकम प्राप्त हुन नसकेको हुँदा समग्रमा राजश्व परिचालन लक्ष्य अनुरुप हुन सकेन । आन्तरिक राजश्व परिचालन रु. ७० सत्तरी करोड हुने संशोधित अनुमान छ ।

**सभाध्यक्ष महोदय,**

म अब महानगरको स्थानीय अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती एवं अवसरहरुको संक्षिप्त प्रस्तुती गर्न चाहन्छु ।

९. साधारण खर्च निरन्तर रुपमा बढ्दै जानु तथा पूँजीगत खर्च अपेक्षित बढ्न नसक्नु अर्थतन्त्रको यथार्थ रहेको छ। महानगरभित्र संघ र प्रदेश सरकारबाट अघि बढाइएका आयोजनाहरु समयमै सम्पन्न नहुनु, महानगरले सञ्चालन गरेका आयोजनाहरुमा समेत जग्गा सम्बन्धी विवादले गर्दा समयमै योजना सम्पन्न गर्न सकिएको छैन । संघ सरकार र प्रदेश सरकारबाट यथेस्ट बजेट नपाउदा सम्पन्न भएका योजनाहरुको समेत भुक्तानी गर्न सकिएको छैन।

१०. रोजगारमूलक, नगरको विकासमा दुरगामी प्रभाव पार्न सक्ने, प्राथमिकतापूर्ण आयोजनाहरु पहिचान गरी **"नगर योजना बैंक"** तर्जुमा गरी टुक्रे योजनालाई बिस्थापित गर्दै विनियोजित बजेटलाई कुशलता पुर्वक खर्च गर्दै सार्वजनिक खर्चमा गुणस्तर सुनिश्चित गर्नुपर्ने चुनौती हामीसँग छ ।



CS CamScanner

११. सङ्घीय एवं प्रदेश सरकार प्रतिको अती आर्थिक निर्भरताबाट मुक्त हुँदै आन्तरिक राजश्वका नयाँ स्रोतहरु पहिचान गर्नु, राजश्व चुहावट नियन्त्रण गर्नु, करको दायरामा आउन नसकेका करदाताहरुलाई दायराभित्र ल्याउनु, व्यवसाय मैत्री करको वैज्ञानिक दर निर्धारण गरी आन्तरिक राजश्वको दायरा विस्तार गर्दै जानु र कर प्रशासनलाई पूर्ण रुपमा प्रविधिमैत्री तुल्याउनु चुनौतीपूर्ण छ ।

१२. उद्योग व्यवसायीहरुलाई लगानी सुरक्षा र शान्ति सुरक्षाप्रति पूर्ण रुपमा आश्वस्त तुल्याई लगानी मैत्री वातावरण कायम राख्दै लगानी बिस्तार गराउने चुनौती हाम्रो सामु छ।

१३. कर्मचारी प्रशासनलाई चुस्त, दक्ष, र प्रविधिमैत्री तुल्याउदै जनउत्तरदायी, नतिजामुखी स्थानीय सरकारको उद्देश्य प्रभावकारी तवरबाट हासिल गर्ने चुनौती छ।

१४. विभिन्न चुनौतीको बावजुद हामीले लिएका प्रयासहरुले स्थानीय अर्थतन्त्रमा केही आशाको सञ्चार गरेको छ । नगर सौनर्दयीकरण, बोर्डर सौन्दर्यीकरण, रात्री बजार सञ्चालन, नगर सरसफाई जस्ता अभियानले नगरको पर्यटन क्षेत्र जुर्मराएको छ । स्थानीय व्यपार व्यवसाय प्रवर्द्धन भएको छ । महानगरमा पछि गाँभिएका वडाहरुमा ठूला सडक सञ्जाल विस्तारको नीति लिईएकोले उत्तर-दक्षिण आर्थिक करिडोर जस्तै पूर्व-पश्चिम आर्थिक करिडोरको जग बसेको छ ।

**सभाध्यक्षज्यू,**

आर्थिक वर्ष २०८१/८२ को बजेटलाई मैले निम्न उद्देश्यहरु परिपूर्ति तर्फ केन्द्रित गरेको छु।

क) नगरको व्यापार ब्यबसायलाई चलायमान बनाई उच्च एवं फराकिलो आर्थिक वृद्धि हासिल गर्ने,

ख) जनसरोकारका शिक्षा, स्वास्थ्य, खानेपानी, जस्ता सेवालाई गुणस्तरीय युक्त एवं सर्वसुलभ बनाउने ,

ग) उत्पादनशील गतिविधि एवं उद्यमशीलता अभिवृद्धि गर्दै स्थानीय स्तरमा रोजगारी बढाउने।

घ) नगर भित्रको सन्तुलित पूर्वाधार विकासलाई निरन्तरता दिने,

**बजेटका प्राथमिकताहरु निम्नानुसार उल्लेख गरेको छु ।**

अ) शिक्षा एवं स्वास्थ्य,

आ) सरसफाई व्यवस्थापन, एवं वातावरण संरक्षण

इ) पर्यटन एवं कृषि

ई) गुणस्तरीय भौतिक पूर्वाधार



CamScanner

उ) डिजिटल मैत्री सेवा प्रवाह

नगरपालिका कार्यालय (नेपाल) २०७४

आदरणीय सभा अध्यक्षज्यू,

अब म आगामी आ.व.२०८१/८२ को बजेटका प्रमुख क्षेत्रगत विनियोजन एवं कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

कृषि तथा पशुपालन

१५. कृषि उत्पादन प्रवर्द्धनका लागि स्वरोजगारी कार्यक्रम मार्फत बाँझो रहेको सार्वजनिक जमिन एवं बगरहरुलाई कृषक समूह गठन गरी सामूहिक करार खेती सञ्चालन गरिनेछ ।

१६. रसायनिक मलप्रतिको आकर्षण एवं निर्भरता कम गर्दै लगिनेछ । प्राङ्गरिक मलको प्रयोग गरी कृषकहरुलाई आर्गनिकखेती तर्फ आकर्षित गरिनेछ । किसानलाई आबस्यकता अनुसारको मल बिउको उचित व्यवस्था गरिनेछ ।

१७. नस्ल सुधार कार्यक्रम मार्फत उन्नत जातका पशुपालन व्यवसाय विस्तार गर्दै लगिनेछ ।

वन तथा वातावरण

१८. सार्वजनिक पोखरिहरुलाई सौन्दर्यीकरण गर्ने नाममा यसको प्राकृतिक स्वरुपमा परिवर्तन हुँदै गएको हुँदा, यसको रोकथाम गर्दै जैविक विविधता सहित कायम गर्दै यस्ता पोखरीहरुलाई आय आर्जन एवं रोजगार श्रीजना गर्ने कार्यमा लगाइने छ ।

१९. सिर्सिया नदी प्रदुषण नियन्त्रण गर्न सुरक्षा निकायहरुको समेतको सहयोगमा विशेष सफाई अभियानको रुपमा सफाई कार्य संचालन गरिनेछ।

२०. सार्बजनिक खाली जग्गाहरुमा वृक्षारोपन गरी शहरी सौन्दर्यीकरण र वाताबरण संरक्षमा जोड दिईनेछ । यसको लागि आबश्यक बजेट बिनियोजन गरेकोछु ।

२१. भूमि व्यवस्था तथा सहकारी

२२. नगरमा रहेका सार्वजनिक जग्गाको खोजी एवं संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३. सहकारी संस्थाहरुबाट बचतकर्ताहरुको हित विरुद्ध हुनसक्ने सबै किसिमको अवैध गतिविधि नियन्त्रण गर्न कानूनी एवं प्रशासनिक संयन्त्रलाई चुस्त तुल्याइने छ । रोजगार मुलक सहकारी स्थापना गर्न विशेष प्रोत्साहित गरिनेछ ।

औद्योगिक विकास



CamScanner

२४. महानगरभित्र स्थापित उद्योगहरुले आफ्नो श्रमशक्तिको कम्तिमा २५ प्रतिशत रोजगारी महानागरबासीलाई दिएमा त्यस्ता उद्योग हरुको ब्यबसाय कर र सम्पति करमा छुट दिने नीतिलाई निरन्तरता दिइनेछ।

२५. संघीय सरकारको सहयोगमा महानगरमा औद्योगिक ग्राम स्थापना गर्ने कार्यलाई अघि बढाईने छ ।

संस्कृति तथा पर्यटन

१. परम्परादेखि चलिआएका जात्रा, पर्व मेलाहरु स्थानीय समुदायसँगको सहकार्यमा आयोजना गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

२. महानगरभित्रका मठ-मन्दिर, बिहार, मस्जिद, गुरुद्वारा जस्ता सांस्कृतिक एवं धार्मिक सम्पदाको अभिलेखीकरण गरी पुरातात्विक विशेषता कायमै रहने गरी पुनः निर्माण, नव निर्माण एवं मर्मत सम्भार गरिनेछ ।

३. बिन्दवासिनी मन्दिर, नृसिंह मन्दिर, भिस्वा बौद्ध बिहार जस्ता सांस्कृतिक सम्पदाहरुलाई गुरुयोजना बमोजिम पर्यटन पूर्वाधार विकास गर्दै यस क्षेत्रको महत्वपूर्ण पर्यटन सम्पदाहरुको रुपमा स्थापित गरिनेछ ।

शिक्षा, विज्ञान तथा प्रविधि

४. गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सामुदायिक विद्यालय सुधारमा जोड दिइनेछ । विद्यालयको नियमित अनुगमन कार्यलाई प्रभाबकारी बनाइने छ ।

५. संघ र प्रदेश सरकारको सहयोगमा शिक्षकहरुको क्षमता वृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

६. सबै विद्यालयहरुमा सुविधायुक्त बिज्ञान प्रयोगशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

७. यस कार्यका लागी शिक्षा क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको छु ।

स्वास्थ्य सेवा

८. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ एवं विकेन्द्रित रुपबाट उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।



CamScanner

९. लामखुट्टेमुक्त महानगर अभियानका लागि लामखुट्टेको लार्भा नियन्त्रण, वासस्थान नष्ट गर्ने, औषधि छर्किने अभियानका लागि पर्याप्त रकम विनियोजन गरेको छु ।

१०. निर्माणाधीन बर्थिङ्ग सेन्टरहरु आगामी आ.व. मा निर्माण सम्पन्न गरिनेछ।

११. आर्युविदिक चिकित्सा पद्दतिप्रति नागरिकको सहभागिता बढाउन जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. महिला स्वयंसेविकाहरुलाई दिदै आएको मासिक सुविधामा थप बृधि गरिने छ ।

**सरसफाई तथा खानेपानी**

१३. आ-आफ्नो आवास क्षेत्र सरसफाईमा सबै नगरबासीको सक्रिय सहभागिता जुटाईनेछ । मेरो टोल मै सफा राख्छु भन्ने अभियान चलाइनेछ ।

१४. ल्यान्डफिल साईट र ग्रीन हस्पिटल वेस्ट मैनेजमेन्ट सेन्टरलाई व्यवस्थित रुपबाट सञ्चालन गरी यसबाट थप आय आर्जन हुने प्रवन्ध मिलाइनेछ ।

१५. महानगरको प्रमुख ढल सरसफाई अभियानलाई निरन्तरता दिइनेछ ।

१६. सफा नेपाल मोबाईल एप मार्फत सरसफाई प्रणालीको डिजिटल अनुगमन तीव्र तुल्याई जथाभावी फोहोर गर्नेलाई जरिवाना गर्ने कार्य निरन्तर रहनेछ।

१७. भूमिगत जल पुनः भरणका लागि उपयुक्त प्राविधिहरु प्रयोगमा ल्याइनेछ ।

१८. खानेपानी तथा सरसफाई क्षेत्रमा यथोचित रकम विनियोजन गरेको छु ।

**खेलकुद**

१९. नगरबसिलाई खेलकुदतर्फ आकर्षित गरी शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनमा जोड दिइनेछ । यसका लागि खेल प्रतियोगिताहरु आयोजना गरिनेछ।

२०. संघ सरकार र प्रदेश सरकारसँगको साँझेदारीमा नयाँ खेल पूर्वाधारहरुको निर्माण र विद्यमान खेल मैदानको मर्मत सम्भार गरिनेछ ।

२१. नारायणी रंगशालाको स्तारन्नोतरी गरिनेछ ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक**



CamScanner

२२. ज्येष्ठ नागरिकहरुको अनुभवलाई समाजको हितमा लागाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ र लक्ष्मणवा पार्कलाई ज्येष्ठ नागरिक मैत्री पार्कको रुपमा विकास गरिने छ ।

२३. महिला सशक्तिकरण एवं उद्यमशीलता वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। महिला हिंसा बिरुद्ध सचेतना कार्यक्रम संचालन गरिने छ।

२४. नगरभित्र निर्माण हुने सबै पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ ।

२५. शिक्षा ऐन तथा नियमावली बमोजिम सबै तहका कक्षाहरुमा विपन्न तथा जेहेन्दार लक्षित छात्रवृत्ति अनिवार्य रुपमा संस्थागत विद्यालयहरुमा लागू गरिनेछ । सामुदायिक शिक्षा पूर्ण रुपमा निःशुल्क गरिनेछ ।

**यातायात पूर्वाधारः**

२६. सुरक्षित एवं गुणस्तरीय यातायात पूर्वाधार विकास गर्दै ग्रामीण वडाहरुलाई आधुनिक शहर केन्द्रसँग सञ्जालीकृत तुल्याइनेछ ।

२७. सिर्सिया करिडोर, भेडाहा करिडोर र तिलावे करिडोर सडकहरुको विस्तृत सम्भाव्यता अध्ययन गरी वातावरण मैत्री हरित सडक सञ्जाल विकास कार्य अघि बढाईनेछ ।

२८. बस्ती स्तरका भित्री गल्ली सडकहरुलाई ढलान वा कालोपत्रेको सट्टा पेभर्स लगाई वातावरण मैत्री एवं सौन्दर्यीकरण गरिनेछ ।

२९. यातायात पूर्वाधार क्षेत्र बिकासका लागि यथोचित रकम विनियोजन गरेको छु ।

**आवास तथा शहरी विकास**

३०. ऐतिहाँसिक लाल बंगला क्षेत्रमा अन्तराष्ट्रिय स्तरको सभाहल निर्माण कार्यको प्रक्रिया अगाडी बढाईनेछ। भवन तथा संरचना मापदण्डलाई समयानुकुल परिमार्जन गरी नक्सा पास गर्दा अनिवार्य रुपमा २ वटा बिरुवा रोप्ने नीति लागू गरिनेछ ।

३१. घर नक्सा इजाजत प्रणालीलाई अनलाईन प्रणालीमा कार्यान्वयनमा ल्याई पूर्ण रुपमा डिजिटलाईजेसन गरिनेछ ।

३२. अव्यवस्थित रुपमा झुण्डिएका पोलका तारहरु व्यवस्थित गरिनेछ ।

**जलाधार संरक्षण र नदी नियन्त्रण**

३३. नगरभित्रका सिमसार तथा पानीका मुहानहरुको संरक्षण गरिनेछ ।



CamScanner

३४. नगरभित्रका मुख्य नदीहरुबाट हुने बाढीजन्य प्रकोप नियन्त्रणका लागि नदीहरुमा तटबन्ध निर्माण कार्य अघि बढाइनेछ ।

३५. नदी नियन्त्रणबाट उकास भएको जग्गामा सामूहिक बगर खेती र करार खेती प्रवर्द्धन गर्न पहल गरिनेछ ।

उर्जा

३६. सौर्यबत्ती, बायोग्याँस, विद्युतीय सवारी साधन जस्ता नविकरणीय उर्जा तथा विद्युतीय उर्जा प्रविधि उपयोगमा जोड दिइनेछ ।

३७. भोल्टेजको अनियमितताका कारण विद्युत सेवा अवरुद्ध भईरहेको हुँदा नगरका विभिन्न स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सुधार गरिनेछ ।

विपद् व्यवस्थापन

३८. नगरको विपद् जोखिम नक्साङ्कन गरी विपद् प्रतिकार्य कार्ययोजना अनुरुप विपद् व्यवस्थापन कार्य अघि बढइनेछ ।

३९. वारुण यन्त्रमा कार्यरत जनशक्तिलाई आवश्यक सीप एवं तालिम प्रदान गरिनेछ । सुरक्षा निकाय सँगको समन्वयमा उद्धार तथा प्रतिकार्यमा उपयोग हुने उपकरण एवं सामग्रीहरु खरिद गरी व्यवस्थापन गरिनेछ ।

कानून तथा न्याय

४०. न्यायिक समितिका काम कारवाही प्रभावकारी तुल्याई शीघ्र न्याय निरुपण अभियान चलाइनेछ । न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको जिम्मेवारीलाई प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आवश्यक ऐन, नियम र कार्यविधिहरु तर्जुमा गरिनेछ।

शान्ति सुरक्षा

४२. स्थानीय प्रशासन तथा प्रहरी सँगको समन्वयमा नगरका विभिन्न स्थानहरुमा सि.सि.टि.भी. (CCTV) क्यामेराहरु जडान गरिनेछ । जिल्ला प्रहरी परिसरमा निर्माण भएको CCTV Control Room लाई सुविधा सम्पन्न तुल्याई डिजिटल सेक्युरिटी मोनिटरिङ्ग प्रभावकारी तुल्याईनेछ ।

आर्थिक योजना तथा तथ्याङ्क

४३. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा तथ्याङ्कहरुको उपयोग गर्ने नीति लिई तथ्याङ्क शाखालाई जनशक्ति एवं प्रविधिहरुयुक्त तुल्याई स्थानीय अर्थतन्त्रका सबै अवयवहरुको तथ्याङ्क प्रकाशन गरिनेछ ।

४४. महानगरको आवधिक योजना तर्जुमा गरिनेछ ।



CamScanner

४५. वीरगंज नगर योजना बैंक तयार गरिनेछ।

**शासकीय सुधार**

४६. O & M (ओ एण्ड एम) सर्वे गरि नगरपालिकाको संगठन संरचना चुस्त दुरुस्त बनाइने छ

४७. रिक्त पदमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगलाई अनुरोध गरिनेछ ।

४८. नगरका सबै सेवालाई कागजरहित सरकारको अवधारणा बमोजिम प्रवाह गरिनेछ । राजश्व प्रणालीलाई करदाताले सबै प्रकारको राजश्व विद्युतीय माध्यमबाट भुक्तानी गर्नसक्ने गरी परिमार्जित गरिनेछ ।

४९. भ्रष्टचारमा शून्य सहनशीलताको नीति लिईनेछ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागी बजेट विनियोजन तथा श्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

५०. आगामी आर्थिक २०८१/०८२ को लागी कुल खर्च रु २ दुई अर्व ८९ उन्नान्बे करोड ४८ अड्चालिस लाख १७ सत्रह हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ रु २ दुई अर्ब ४ चार करोड ६६ छैसठी लाख ९ नौ हजार अर्थात ७०.७ सत्तरी दशमलब सात प्रतिशत, पुंजिगत तर्फ रु ८१ एकासी करोड १८ अठार लाख ८ आठ हजार अर्थात २८.१ अठाईस दशमलब एक प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु ३ तिन करोड ६४ चौसठी लाख अर्थात् १.२ एक दशमलब दुई प्रतिशत रहेको छ ।

५१. अगामी आर्थिक वर्षको लागी अनुमान गरीएको खर्च व्यहोर्ने श्रोतहरु मध्ये आन्तरिक राजस्वबाट रु ७९ उन्नाअसि करोड ७५ पचहत्तर लाख २७ सत्ताइस हजार, संघीय अन्तर सरकारी वित्तीय हस्तान्तरण बाट रु १ एक अर्ब २७ सत्ताइस करोड ९० नब्बे लाख ९ नौ हजार , संघीय राजस्व बाँडफाँड बाट रु २६ छब्बीस करोड ८० असि लाख , प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरण बाट ५ पाँच करोड ३५ पैतिस लाख ८ आठ हजार , प्रदेश राजस्व वाडँफाड बाट रु २ दुई करोड २८ अठाइस लाख ,अन्य श्रोतबाट रु २ दुई करोड ४० चालिस लाख र नगद मौज्दातबाट रु १० दश करोड व्यहोरिने जानकारी गराउद छु ।

**सभा अध्यक्षज्यू,**



CamScanner

आगामी आर्थिक वर्ष २०८१/८२ को राजश्व सम्बन्धी नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरेको छु ।

५२. स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रवर्द्धन गर्ने तर्फ उन्मुख गरिएको छ । आन्तरिक राजश्वलाई नगरको भरपर्दो एवं दिगो वित्तीय स्रोतको रुपमा स्थापित गरी वित्तीय आत्मनिर्भरता कायम गर्नु राजश्व नीतिको प्रमुख उद्देश्यको रुपमा लिएको छु ।

करका दर तथा करमा दिइने छुट हरुलाई अनुसूचिमा समावेश गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

५३. आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

५४. बजेटमा प्रस्तावित वित्तीय तथा राजश्व सुधारका नीतिबाट आन्तरिक राजश्वको कराधार फराकिलो हुने, प्रशासनिक खर्चमा मितव्ययीता कायम भई पूँजीगत खर्चको गुणस्तर एवं प्रभावकारिता बढ्ने अपेक्षा राखेको छु।

५५. बजेट तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नुहुने कार्यपालिका एवं नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रबुद्ध नागरिक समाज, विज्ञ व्यक्तित्वहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं महानगरका कर्मचारी मित्रहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस बजेटको कार्यान्वयनमा सबै पक्षबाट यथेष्ट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद !

जय नेपाल, जय वीरगंज !



CamScanner